# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४) सुर्खेत, साउन २२ गते, २०७८ साल (अतिरिक्ताङ्क १३

## भाग-३

### कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय

### प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८

प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा १२ मा संशोधनः</u>** प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा १२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सेवा करारमा नियुक्त कर्मचारीको पदावधि छ महिनाको हुनेछ र सेवा करारमा रहेका कर्मचारीद्वारा सम्पादित कार्य सन्तोषजनक रहेमा, कार्यालयलाई सो पदको सेवा आवश्यक भएमा र त्यस्तो पदमा स्थायी पूर्ति नभएको अवस्थामा सम्बन्धित मन्त्रालयले एक पटकमा छ महिनामा नबढ्ने गरी सेवा करारको म्याद थप गर्न सक्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा करारमा रहेका कर्मचारीको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

म्याद थप गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनु पर्नेछ।"

**आज्ञाले,**

(भरतकुमार शर्मा)

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित